मिति २०७६।११।२८ को बैठकबाट स्वीकृत

# शैक्षिक सहयोग अक्षयकोष नेपाल
# मकवानपुर
# छात्रवृत्ति वितरण कार्यविधि-२०७६

## परिच्छेद – १
प्रस्तावना तथा उद्देश्य

### १.प्रस्तावना
शिक्षा प्राप्त गर्न पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो । नेपालको संविधान २०७२ ले असहाय, अनाथ, विभिन्न कारणले अभिभावक गुमाएका, विस्थापित एवं जोखिममा रहेका द्वन्द्व प्रभावित बाल बालिकाहरुलाई राज्यबाट बिशेष संरक्षण र सुविधायुक्त शिक्षाको अवसर उपलब्ध गराउन कानुन बमोजिम आधारभुत तहसम्म अनिवार्य र निःशुल्क एवं माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्न पाउने हकको व्यवस्था रहेको छ । त्यस्तै गरी विशेष प्रकृतिका बालबालिकालाई विशेष शिक्षा र उच्च शिक्षा निःशुल्क प्राप्त गर्न पाउने हकको समेत सुनिश्चित गरेको छ । संविधानमा उल्लिखित सोही हकको कार्यान्वयनका लागि सरकारका विभिन्न तहहरु मार्फत कामहरु भैरहेका छन् । त्यस्ता प्रकृतिका बालबालिकाको शिक्षामा सरकारीतर्फबाट बाहेक नागरिकको तर्फबाट सहयोग गरी एकिकृत योगदान दिन अत्यावश्यक र बाञ्छनीय ठानी शैक्षिक सहयोग अक्षयकोष नेपाल, मकवानपुर नामक सामाजिक संस्था स्थापना गरिएको छ ।

नागरिक समाजका विभिन्न क्षेत्रमा कार्यरत पेशाकर्मीहरुका तर्फबाट अत्यन्त विपन्न र अभिभावक गुमाएका विद्यार्थीको शैक्षिक यात्रालाई निरन्तरता दिने मूल उद्देश्य लिई पुरानो पुस्ताको तर्फबाट नयाँ पुस्तालाई उपहार स्वरुप यो अक्षयकोषको स्थापना गरिएको हो । संस्था दर्ता ऐन २०३४ बमोजिम आवश्यक प्रक्रिया पुरा गरी जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट मिति २०७६।०५।१६ मा संस्था दर्ता न. १९२८ बाट स्वीकृत भएको संस्थाको विधान बमोजिम आवद्ध हुने सदस्यहरुबाट प्राप्त हुने रकमलाई मुद्धति खातामा राखी त्यसबाट आर्जित हुने व्याज र छात्रवृत्तिका लागि प्राप्त हुने रकमबाट लक्षित समूहमा छात्रवृत्ति प्रदान गर्न यो कार्यविधि तर्जुमा गरिएको छ ।

### २.उद्देश्य
शैक्षिक सहयोग अक्षयकोष नेपाल मकवानपुर विशुध्द शैक्षिक क्षेत्रसंग जोडिएको सामाजिक संस्था हो । विधान बमोजिम संस्थाको निम्न उद्देश्य रहने उल्लेख गरिएको छ ।

- विपन्न र अभिभावक विहिन बालबालिकाको शिक्षामा पहुँच बढाउन छात्रवृत्तिको व्यवस्था गर्ने ।
- शैक्षिक संस्थाको पूर्वाधर विकास र शैक्षिक सामग्री व्यवस्थापनका लागि सहयोग पुऱ्याउने ।
- शिक्षासंग सरोकार राख्ने नागरिकहरुलाई उत्प्रेरित गरी शैक्षिक गुणस्तर सुधारमा टेवा पुऱ्याउने ।
- विद्यालय भर्ना भएका बालबालिकको शिक्षामा निरन्तरताका लागि सहयोग गर्ने ।
- अनाथ, असहाय एंव विस्थापित र जोखिममा रहेका बालबालिकाको शिक्षाका लागि आवासीय सुविधा उपलब्ध गराउन सहयोग गर्ने

## परिच्छेद – २
## शब्दावलीहरुको अर्थ तथा परिभाषा

क. ‘अक्षयकोष’ भन्नाले शैक्षिक सहयोग अक्षयकोष नेपाल, मकवानपुरलाई जनाउनेछ ।

ख. ‘दाता’ भन्नाले कोषमा प्रत्यक्ष रुपमा आर्थिक सहयोग गर्ने व्यक्ति, संस्था वा समुहलाई बुझाउने छ ।

ग. ‘सदस्यता’ भन्नाले कोषको विधानले वर्गिकरण गरेको सदस्यको प्रकारलाई बुझाउनेछ ।

घ. ‘पालिका’ भन्नाले गाउँकार्यपालिका र नगरकार्यपालिकालाई बुझाउने छ ।

ङ. ‘विपन्न बालवालिका’ भन्नाले आर्थिक रुपमा अति कमजोर रहेका विद्यालय शिक्षामा अध्ययनरत बालबालिकालाई बुझाउने छ ।

च. अभिभावक विहिन भन्नाले कुनै पनि कारणले बुवा-आमा, बुवामात्र, वा आमामात्र गुमाएका बालबालिका एवं अभिभावक नभएका, संरक्षक नभएका बालबालिकालाई बुझाउनेछ ।

छ. ‘विस्थापित र जोखिममा रहेका बालबालिका’ भन्नाले प्राकृतिक प्रकोप, आन्तरिक द्वन्द्व, असुरक्षाका कारणले आफ्नो जन्मे हुर्केको स्थानमा बसोबास गरी शिक्षा लिने अवस्थामा नरहेको अन्यत्र गई शिक्षा लिनुपर्ने अवस्थामा रहेका बालवालिकालाई बुझाउने छ ।

ज. ‘प्राविधिक सहयोग’ भन्नाले शौक्षिक सुधारका लागि आवश्यकता महसुस गरेका विद्यालयलाई क्षमता अभिवृद्धि गुणस्तर सुधारका लागि सञ्चालन गर्ने तालिम, गोष्ठी भन्ने बुझिने छ ।

झ. ‘जेहेन्दार’ भन्नाले विद्यालय शिक्षाको माध्यमिक तह कक्षा ९-१२ तथा उच्च शिक्षाको स्नातक र स्नातकोत्तर तहमा उत्कृष्ट नतिजा ल्याइरहेका तर आर्थिक अभावका कारण अध्ययन बीचैमा रोक्नपर्ने अवस्थाका विद्यार्थीलाई बुझाउने छ ।

ञ. ‘प्राविधिक शिक्षा’ भन्नाले सामुदायिक विद्यालयको कक्षा ९-१२ प्राविधिक धार तथा सिटिइभिटिको तीनबर्षे डिप्लोमा तहको शिक्षालाई बुझाउने छ ।

ट. ‘दुर्गम क्षेत्र’ भन्नाले मकवानपुर जिल्ला भित्र कैलाश गाउँपालिका, इन्द्रसरोवर गा.पा., बागमति गा.पा., बकैया गाउँपालिकाको पुरानो धियाल क्षेत्र तथा राक्सिराङ गाउँपालिकाको पुरानो खैराङ्, भार्ता, काँकडा क्षेत्रलाई जनाउने छ । अन्य जिल्ला तथा क्षेत्रको हकमा यातायात नपुगेका स्थानलाई जनाउने छ ।

ठ. ‘पदाधिकारी’ भन्नाले अक्षयकोषको कार्यसमितिमा रहेका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई बुझाउने छ ।

## परिच्छेद - ३
## छात्रवृत्तिका विधाहरु

संस्थाको परिलक्षित उद्देश्य प्राप्तिका लागि अक्षयकोषबाट प्राप्त ब्याज र दाताहरुबाट प्रदान गरिएको सहयोग रकमबाट देहायका शीर्षकमा छात्रवृत्ति प्रदान गरिने छ ।

क. अनाथ असहाय छात्रवृत्ति

ख. विस्थापित एवं जोखिममा रहेका विद्यार्थी लागि छात्रवृत्ति

ग. विपन्न र अभिभावक विहिन छात्रवृत्ति

घ. जेहेन्दार तथा दुर्गम क्षेत्र छात्रवृत्ति

ङ.	प्राविधिक शिक्षा सहयोग छात्रवृत्ति

च.	पुण्यतिथि, स्मृति, जन्मोत्सव, विवाह वर्षगाँठ अन्य सामाजिक-साँस्कृतिक कोष छात्रवृत्ति

छ.	अन्य विधाहरु :

अन्य विधा भन्नाले कोषलाई स्वदेश तथा विदेशमा रही शुभभाव राख्ने एवं माया गर्ने दानवीरहरुले एक मुष्ट रुपमा तोकिएको रकम प्रदान गरी प्राप्त भएको सहयोगबाट कोषको कार्य समितिको निर्णय बमोजिम क्षेत्र, विधा तोकी उपलब्ध गराउने छात्रवृत्तिलाई जनाउने छ ।

## परिच्छेद - ४
## छात्रवृत्ति कोषमा हुने योगदान

अक्षयकोषको स्वीकृत विधान बमोजिम निर्धारित उदेश्यहरुलाई कार्यान्वयन गर्न समाजमा आवध्द व्यक्ति, संस्था, समुहबाट स्वेच्छिक रुपमा उपलब्ध गराउने देहायका रकमहरु नै छात्रवृत्ति कोषमा यागदान हुनेछ ।

क.	साधारण सदस्यता बापतको रकम ।

ख.	आजीवन सदस्यता बापतको रकम ।

ग.	विशिष्ट सदस्यता बापतको रकम ।

घ.	संस्थागत सदस्यता बापतको रकम ।

ङ.	पुण्यतिथि, स्मृतिदिवस, जन्मोत्सव, विवाहवर्ष गाठँको अवसरमा स्वेच्छिक रुपमा दानगरी प्राप्त हुने रकम ।

च.	स्वदेश तथा विदेशमा रहनुहुने शुभेच्छुकहरुबाट प्राप्त सहयोग रकम ।

छ.	स्थानीय तह, गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समिति, प्रदेश मन्त्रालय तथा संघीय मन्त्रालय तथा सरकारी निकायहरुबाट प्राप्त रकम ।

ज.	कोषको भावना वा उद्देश्यलाई आत्मसात गरी सहयोग गर्न इच्छुक सहकारी, गैरसरकारी निकाय, शिक्षक महासंघ, निजी तथा आवासीय संस्थागत विद्यालयहरु एवंम सामुदायिक विद्यालयहरु तथा कलेजबाट सहयोग स्वरुप प्राप्त रकम ।

## परिच्छेद - ५
## अक्षयकोषको परिचालन

१. अक्षयकोषको परिचालन कोषको विधान, उद्देश्य, भावनालाई आत्मसात गरी पूर्ण पारदर्शी, जवाफदेही,मितव्ययी तथा सहज पहूँच हुने गरी कुनै पनि प्रकारको राजनीतिक आग्रह-पूर्वाग्रहबाट माथि उठी कोषमा रहेको रकम परिचालन हुनेछ ।

२. अक्षयकोष रकम यसै आर्थिक वर्ष २०७६/७७ देखि परिचालन गरिने छ ।

३. अक्षयकोष परिचालन गर्दा परिच्छेद-३ मा उल्लेखित छात्रवृत्तिका विधाहरु पहिचान गरी वितरण गरिनेछ ।

४. अक्षयकोषबाट छात्रवृत्ति उपलब्ध गराउन यस कार्यविधिको मर्म बमोजिमको लाभग्राही विद्यार्थी छनोट गर्न माध्यमिक तहको विद्यालय शिक्षा कक्षा ९-१२ मा अध्ययन गर्ने विद्यार्थीको हकमा सम्वन्धित विद्यालयको कक्षा शिक्षकको सिफारिसमा सम्वन्धित प्रधानाध्यापकले निर्णय गरी वडा कार्यालय, गाउँपालिका वा नगरपालिकाको सिफारिससाथ कोषको कार्यालयमा सम्बन्धितले पेश गर्नुपर्ने छ ।

५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) अन्र्तगत सञ्चालित प्राविधिक धार तर्फको तीन बर्षे डिप्लोमा तहको विद्यार्थीको हकमा छात्रवृत्ति, पाउनुपर्ने स्पष्ट कारण खोली विद्यार्थीको निवेदन साथ प्रधानाध्यापकले निर्णय गरी गाउँपालिका वा नगरपालिकाको सिफारिस साथ कोषको कार्यालयमा पेश गर्नु पर्नेछ ।

६. विद्यार्थीलाई कोषबाट छात्रवृत्ति उपलब्ध गराउँदा शैक्षिक संस्थामा मासिक, वार्षिक वा किस्तावन्दीको रुपमा लाग्ने अध्ययन-अध्यापन शुल्क वापत एकमुष्ट रकम सम्बन्धित संस्थाको नाममा चेकबाट उपलब्ध गराइनेछ ।

७. एउटै स्थानीय तह भित्रका धेरै शैक्षिक संस्थाले संस्थाले छात्रवृत्ति माग गरेमा कोषको अवस्था अनुसार माग दावी गर्ने विद्यार्थीहरु मध्येबाट देहाय बमोजिमको प्राथमिकता आधारमा सुत्र प्रयोग गरी सहि विद्यार्थीहरुको क्रम निर्धारण गरी तोकिएको संख्यालाई मात्र छात्रवुत्ति प्रदान गरिने छ ।

सुत्र (मापदण्ड) P1 = सूचाङ्कको योग

शीर्षक : सुचकहरु : ३०

| क्र. स. | शीर्षक सूचक | ५ अङ्क | ४ अङ्क | ३ अङ्क | २ अङ्क | कुल अंक ५ |
|---|---|---|---|---|---|---|
| १ | विस्थापित एवम् जोखिम | पूर्ण विस्थापित रहेको | पूर्ण जोखिममा रहेको | आशिंक विस्थापित रहेको | आशिंक जोखिम रहेको | |
| २ | अभिभावक विहिन | आमा बाबु दुवै नभएको | आमा वा बुबामध्ये कुनै एक नभएको | संरक्षक वा अन्य अभिभावक भएको | संघ संस्थाबाट हेरिएको | |
| ३ | दुर्गम क्षेत्र | यातायात र सञ्चार नपुगेको | गाउपालिका | शहर उन्मुख | नगरपालिका | |
| ४ | महिला तथा दलित | महिला दलित | महिला | दलित पुरुष | अन्य | |
| ५ | जेहेन्दार | विशिष्ट श्रेणी वा ए प्लस | प्रथम श्रेणी वा ए मात्र | बि वा बि प्लस वा दोश्रो श्रेणी | सी भन्दा कम | |
| ६ | विपन्न सीमान्तकृत | परिवारको नाममा जग्गा नभएको | घर घडेरी मात्र रहेको | सीमान्तकृत परिवार | ३ कठ्ठा भन्दा कम जग्गा र रोजगारी कोही नभएको | |

८.) विपन्नको परिचयपत्र वा सो नभए स्थानीय तहबाट कुनै जग्गा र परिवारको सदस्य रोजगार नभएको भनी सिफारिस पत्र ।

९.) जेहेन्दार छात्रवृत्तिको लागि बार्षिक परीक्षाको लब्धाङक पत्र पेश गर्नुपर्नेछ र प्रत्येक आन्तरिक परीक्षामा सबै विषय उतीर्ण गरेको प्रमाण प्रधानाध्यापकबाट प्रमाणित गरी पेश गर्नुपर्ने छ ।

१०. अन्य कुनै पनि निकाय वा व्यक्ति तथा संघ संस्थाबाट छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुले यस कोषबाट प्रदान गर्ने छात्रवृत्तिमा सहभागी हुन पाउने छैनन् ।१०.)

११. विद्यार्थीहरुको छनौट र सम्बन्धित निकायबाट सिफारिसका लागि अति आवश्यक विवरण खुल्ने गरी कार्य समितिले निवेदन पत्रको ढाँचा विकास गरी सम्बन्धित विद्यालय एवं पालिकाहरुलाई उपलब्ध गराउने छ ।

१२.विद्यार्थीहरुले छात्रवृत्ति फाराममा भरेका विवरणहरु गलत पाइएमा वा सम्बन्धित विद्यालय वा सिफारिसकर्ता वा निकायले गलत व्यहोरा प्रमाणित गरी सिफारिस गरेमा छात्रवृत्ति रकम फिर्ता गरिनेछ र आगामी दिनमा आवेदन गर्न दिइने छैन ।

## परिच्छेद - ६

पुण्यतिथि, स्मृति, जन्मोत्सव, विवाह वा विवाहवर्ष गाँठको कोष परिचालन

१. यस कोषलाई शुभभाव राखी आफ्नो, पारिवारजनको, दिवंगत पितृको पुण्यतिथि, स्मृति दिवस, जन्मोत्सव, विवाह वा विवाहवर्ष गाँठ जस्ता विशेष अवसरमा कोषको कार्यालयमा छोटो औपचारिक कार्यक्रम सहित स्वेच्छिक रकम दान चन्दाको रुपमा ग्रहण गर्न सकिने छ ।

२. माथि '१' अनुसार प्राप्त हुने रकम अक्षयकोषमा बचत हुनेछ ।

३. अक्षयकोषमा जम्मा भएको रकमबाट दाता स्वयं उपस्थित भई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई प्रत्यक्षरुपमा वा कुनै माध्यमबाट सिधै हस्तान्तरण गर्न सकिने छ ।

४. पुण्यतिथि, स्मृति, जन्मोत्सव, विवाह वर्ष गाँठको उपलक्ष्यमा कुनै व्यक्ति वा संस्थाले एक मुष्ठ रु एक लाख पचास हजारसम्म हस्तान्तरण गरी त्यसबाट प्राप्त हुने बार्षिक व्याजबाट कोष मार्फत सम्बन्धित विद्यार्थीलाई दाता स्वयंम उपस्थित भई छात्रवृत्ति प्रदान गर्न सकिने छ ।

५. यस परिच्छेदको १,२,३ र ४ को भावना भनेको दाताबाट प्राप्त मूल राशी अक्षयकोषमा जम्मा भई त्यसले आर्जन गरेको ब्याजबाट मात्र छात्रवृत्ति प्रदान गरिने छ ।

## परिच्छेद - ७
## निर्णय एवंम प्रमाणीकरण

१. छात्रवृत्ति कोषबाट लाभान्वित हुने विद्यार्थीहरुलाई समयमा नै प्राप्त गरी अध्ययनलाई निरन्तरता दिन शैक्षिक वर्ष प्रारम्भ भएको वा सेमेष्टर प्रणाली सुरु भएको तीन महिना भित्र सबै प्रक्रिया पुरा गरी सम्बन्धित विद्यार्थीलाई चेकबाट हस्तान्तरण गरिने छ ।

२. निवेदक विद्यार्थी, प्रमाणित गर्ने प्रधानध्यापक तथा सिफारिस गर्ने पालिकाबाट निर्दिष्ट फारमहरु प्राप्त भएपछि पदाधिकारी बैठकबाट अन्तिम निर्णय हुनेछ ।

३. छात्रवृत्तिका लागि पदाधिकारी बैठकले गरेको अन्तिम निर्णयलाई अध्यक्ष र सचिवले प्रमाणीकरण गर्नुपर्ने छ ।

४. छात्रवृत्तिवाट लाभान्वित भएका विद्यार्थीहरुको विवरण, संख्या, कुल रकम सहितको प्रतिवेदन अक्षयकोषको वार्षिक साधारण सभामा पेश अनुमोदन गराउँनु पर्नेछ ।

## परिच्छेद - ८

विविध व्यवस्था

१. कोषबाट छात्रवृति प्राप्त गरी अध्ययन पुरा गरेका विद्यार्थीहरुको संक्षिप्त व्यक्तिगत विवरण राखी ती विद्यार्थीहरु भविष्यमा कुन क्षेत्रमा के गरिरहेका हुन् भन्ने समेतको जानकारी कोषले निरन्तर राख्नु पर्नेछ।

२. कोषको अवस्था सुदृढ भई ठूलो धनराशि परिचालन गर्न सक्ने अवस्थामा उच्च शिक्षाको प्राविधिक विषयहरुमा समेत क्रमश छात्रवृत्ति उपलब्ध गराउँदै जाने छ।

## परिच्छेद - ९

कोषको नाम, प्रारम्भ र बचाऊ

१. नाम : शैक्षिक सहयोग अक्षयकोष नेपाल, मकवानपुर-छात्रवृत्ति वितरण कार्यविधि - २०७६ रहने छ।

२. प्रारम्भ : यस छात्रवृत्ति वितरण कार्याविधि -२०७६ कार्य समितिको बैठकले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ।

३. बचाऊ : यस छात्रवृत्ति वितरण कार्यविधि - २०७६ कुनै कारणबस समस्या उत्पन्न भई कार्यान्वयनमा वाधा पर्न गएमा विधान बमोजिम कार्यसमितिको क्षेत्राधिकारबाट बचाउ गर्न सकिनेछ।